# लक्ष्मण गौतम

होमनाथ सुवेदी
वुडब्रिज, भर्जिनिया

**धवलागिरि अञ्चलका पुस्तकका लागि अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज रोहिणी शर्मा धवलागिरि सर्वोत्कृष्ट पुस्तक पुरस्कारका विजेता** 'समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण' का लेखक लक्ष्मण गौतमको परिचयः



जन्मः बैशाख २०२०, बाग्लुङ्ग,
शिक्षाः बी.एड., एम्.ए. (नेपाली)
व्यवसायः प्राध्यापन
प्रकाशित कृतिः नन्दनको काव्यिक परिवेश (२०५२)
चितवनको साहित्यः सर्वेक्षण र विश्लेषण (२०५२)
सान्दर्भिक समालोचना (२०५७)
पुरस्कार र संमानः नारायणी वाङ्मय पुरस्कार (२०५०), चिसाप प्रतिभा सम्मानपत्र (२०६०),
सम्पादनः मधूलिका, मारुनी, ऋचा, ममगतृष्ण लगायत पत्रपत्रिका र पुस्तकहरु
संलग्नताः चितवन वाङ्मय प्रतिष्ठान र नेपाली लेखक संघ
संप्रतिः त्रिभुवन विश्वविद्यालय, विरेन्द्र वहुमुखी क्याम्पस, भरतपुर ।

प्राध्यापनको साथ साथ वहाँ ऐले समकालीन नेपाली कविताका प्रवृत्तिगत पक्षमा विद्यावारिधि गर्दै हुनुहुन्छ ।

## 'समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण'

'समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण' **धवलागिरि अञ्चलका पुस्तकका लागि अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज रोहिणी शर्मा धवलागिरि सर्वोत्कृष्ट पुस्तक पुरस्कारका विजेता** लक्ष्मण गौतमको कृति 'समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण' को परिचय हो ।
साझा प्रकाशनबाट प्रकाशित यो 'समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण' कृति यस क्षेत्रको एक मात्र आधिकारिक कृति भएको कुरा विभिन्न विद्वान्हरुले यसबारेमा लेखेका समालोचना, समीक्षाहरुबाट पनि

प्रमाणित हुन्छ कि अनेसासले यस पुस्तकलाई अफ्नो क्षेत्रमा अद्वितीय स्थानमा राखी यसलाई **अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज रोहिणी शर्मा धवलागिरि सर्वोत्कृष्ट पुस्तक पुरस्कार**बाट संमानित गरेर योग्यको योग्यताको कदर गरेको  छ।




यो पुस्तक समालोचना हो। समालोचनामा पूर्वीय तथा पश्चिमी समालोचनाको अन्योलको घडीमा यसले यौटा गहनतम, व्यास व्यवस्थित नवीनतम समालोचना प्रणालीको आविष्कार गरेको छ। २९९ पेजको नेरु १८३।०० रुपियाँको यो पुस्तक खोजी खोजी पढ्न लायक छ तर वाल कथा र सस्ता उपन्यास पढ्ने मान्छेलाई हैन कि पूर्वीय र पाश्चात्य समालोचनाको क्षेत्रमा अध्ययनरत विद्वान्हरुको लागि।  यसका लेखकको विद्यावारिधिको शोध ग्रन्थ तयार हुदा विद्वत् पाठकवर्गलाई त्यसले प्रशस्त खुराक दिने आशा गर्न सकिन्छ।